# शिक्षकको पेशागत क्षमता विकास तालिम कार्यक्रमको प्रभावकारिता

शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह द्वितीय वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयको आंशिक आवश्यकता परिपुर्तिको लागि प्रस्तुत

शोधपत्र

शोधकर्ता

कल्पना जि.सी.

परीक्षा रोल नं : २८०१३३/२०६८

त्रि.वि. दर्ता नं : ९-२-५८२-६-२००६

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र केन्द्रिय विभाग

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

कीर्तिपुर, काठमांडौ

२०७०

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय**

**पाठ्यक्रम तथा मूल्याङ्कन**

**केन्द्रीय विभाग**

**कीर्तिपुर,**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन केन्द्रीय विभाग, अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषय अन्तर्गत (Ed.CE 598) को प्रयोगात्मक प्रतिवेदन परिपूर्तीका लागि छात्रा कल्पना जि.सी. ले मेरो प्रत्यक्ष निर्देशनमा रही तयार पार्नुभएको **शिक्षकको पेशागत क्षमता विकास तालिम कार्यक्रमको प्रभावकारिता** शिर्षकको प्रयोगात्मक शोध पत्र मूल्याङ्कन गरी सिफारीस गरिएको  छ।

मितिः ०२/०४/२०१४

................................

शोध निर्देशक

शिवराज बढू

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय**

**पाठ्यक्रम तथा मूल्याङ्कन**

**केन्द्रीय विभाग**

**कीर्तिपुर,**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यक्रम मूल्याङ्कन तथा अनुसन्धान (Ed.CE 598) विषयको प्रयोगात्मक आवश्यकता पुरा गर्नका लागि कल्पना जि.सी.ले तयार गर्नु भएको प्रयोगात्मक शोध पत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| १. प्रा.स्वयंप्रकाश ज.ब.रा.<br>(विभागीय प्रमुख) | ................................ |
| २. शिवराज बढू<br>(शोध निर्देशक) | ................................. |
| ३. प्रा. कुल नरसिंह श्रेष्ठ<br>(बाह्य सुपरिवेक्षक) | ................................. |

मिती : ११/०४/२०१४

# कृतज्ञता

प्रस्तुत **शिक्षकको पेशागत क्षमता विकास तालिम कार्यक्रमको प्रभावकारीता** शीर्षकमा तयार पारिएको शोधपत्र शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषय अन्तर्गतको शोधपत्र लेखन (Ed. CE. 598) को आवश्यकता परिपूर्तिको लागि तयार गरिएको हो ।

यस शोधपत्र तयार गर्ने क्रममा शोध प्रस्तावना लेखन देखि शोधपत्र लेखनकार्य सम्म आफ्नो कार्य व्यस्तताका बाबजुद पनि उपयुक्त वातावरण मिलाई निरन्तर निर्देशन, सल्लाह, सुझाव र मार्गदर्शनका साथमा सदा हौसला र प्रेरणा प्रदान गर्नुहुने शोध निर्देशक उप प्रा. शिवराज बढू ज्यू प्रति हृदय देखि नै आभार प्रकट गर्दछु । त्यसैगरी शोधपत्र लेखनमा क्रममा आवश्यक सल्लाह, सुझाव प्रदान गर्नुहुने पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत कार्यरत सम्पूर्ण गुरुवर्गहरु प्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

यस शोधपत्र लेखनका क्रममा तथ्याङ्क संकलन गर्ने क्रममा महत्वपूर्ण सूचनाहरु प्रदान गरी आवश्यक सहयोग प्रदान गर्नुहुने श्री नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय र श्री बाल शिक्षा उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी तथा रोस्टर शिक्षक र स्रोत व्यक्तिलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै आवश्यक सूचना उपलब्ध गराइदिइ अमूल्य सहयोग गर्नुहुने जिल्ला शिक्षा कार्यालय परिवार प्युठान प्रति विशेष आभारी छु । साथै सन्दर्भ सामाग्रीका श्रद्धेय लेखकहरु प्रनि पनि धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

त्यसैगरी यस शोधपत्र लेखन कार्यमा अमूल्य सहयोग गर्नुहुने आदरणीय साथि कबिन्द्र बहादुर, रोकाया तथा उपयुक्त पारिवारिक वातावरण मिलाई सहयोग गर्ने पुजनीय पीता मनमोहन जि.सी. माता पशुपती जि.सी., भाइहरु सागर, शिशिर, उत्सव र बहिनी सपना प्रति ऋणी छु । साथै शोत्रपत्रलाइ टङ्कन गरी सहयोग गर्नुहुने दाजु रमेश महर्जनलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

कल्पना जि.सी.

# शोधसार

विद्यालय क्षेत्र सुधार योजना (२०६७-०७२) ले सार्वजनिक विद्यालयमा कार्यरत प्रत्येक शिक्षकलाई १ महिना वरावरको पेशागत क्षमता विकास तालिम सञ्चालन गरिरहेको छ । शिक्षकले सामना गर्नुपरेका तत्कालिन शिक्षण सिकाइ सम्बन्धी समस्या समाधान गर्नु र शिक्षण कार्यमा उत्कृष्टता निश्चित गर्न शिक्षकको निरन्तर पेशागत दक्षता अभिवृद्धि गर्नु कार्यक्रमका उद्देश्यहरु रहेका छन् । पेशागत विकास कार्यक्रममा शिक्षकहरुको सहभागिताबाट शिक्षण कार्य सम्पादनमा सकारात्मक परिवर्तन अवलोकन गर्न सकिने र विद्यार्थीले हासिल गरेको उपलब्धिको बढोत्तरी देख्न सकिनेछ भन्ने अपेक्षा राखेको यो कार्यक्रम उद्देश्यहरु र अपेक्षाका आधारमा अत्यन्तै महत्वपूर्ण देखिन्छ । कार्यक्रम राम्रो हुँदैमा नतिजा पनि राम्रो हुन्छ भन्न सकिदैन । त्यसका लागि कार्यन्वयन राम्रो हुनुपर्ने देखिन्छ । तापनि यस्तो महत्वपूर्ण शिक्षकको पेशागत विकास तालिम कार्यक्रम कार्यान्वयनको अवस्था कस्तो छ भन्ने विषयमा खासै अध्ययन अनुसन्धान सञ्चालन नभएको सन्दर्भमा प्रस्तुत अध्ययन गरिएको छ ।

“शिक्षकको पेशागत क्षमता विकास तालिम कार्यक्रमको प्रभावकारिता” शिर्षकमा यो अध्ययन गरिएको छ । शिक्षकको पेशागत क्षमता विकास तालिम कार्यक्रम सञ्चालनको आवश्यकता अध्ययन गर्ने, तालिम कार्यक्रम सञ्चालनको अवस्था अध्ययन गर्ने र तालिमद्वारा शिक्षकहरुलाई प्रदान गरिएका सीपहरु विद्यालयमा प्रयोगको अवस्था पत्ता लगाउने यस अध्ययनका उद्देश्यहरु थिए । यी उद्देश्यहरु पुरा गर्नका लागि निम्न माध्यमिक तह (६-८) को सामाजिक विषयलाई छनोट गरिएको थियो । सोहि विषयमा तालिम कार्यान्वयनको अवस्थाको अध्ययन गरीएको थियो । अध्ययनमा स्रोत व्यक्ति, रोस्टर शिक्षक, प्रधानाध्यापक र सामाजिक विषय शिक्षकसँग तालिमको आवश्यकता सम्बन्धी प्रतिक्रिया लिइएको थियो । त्यसैगरी सामाजिक विषय शिक्षकको कक्षा अवलोकन, विद्यार्थी प्रश्नावली, दस्तावेज अध्ययन र फिल्ड नोट जस्ता साधनहरुको प्रयोग गरी सूचनाको संकलन गरिएको थियो ।

प्राप्त सुचना अनुसार शिक्षकको पेशागत क्षमता विकास तालिम कार्यक्रम शिक्षकको पेशागत अभिवृद्धिका लागि अत्यन्त आवश्यक रहेको शिक्षक, प्रधानाध्यापक, रोस्टर शिक्षक र स्रोत व्यक्तिको प्रतिक्रिया पाइयो । टिपिडि तालिम प्रा.वि. शिक्षकका लागि स्रोत केन्द्रले र मा.वि.का लागि अगुवा स्रोत केन्द्रले प्रदान गर्ने गरेको पाइयो । प्युठानमा एउटा मात्र अगुवा स्रोत केन्द्र भएकाले जिल्ला भरिका सम्पूर्ण नि.मा.वि. तथा मा.वि. शिक्षकहरुलाई यहिबाट तालिम सञ्चालन गर्दै आएको पाइयो । अगुवा स्रोत केन्द्रमा तालिम दिनका लागि १० जना रोस्टर शिक्षकको व्यवस्था गरिएको छ । यिनीहरुलाई शैक्षिक तालिम केन्द्रबाट आधारभुत प्रशिक्षण प्रदान गरिएको छ । यी शिक्षकहरु छनोट गर्दा नेपाली अंग्रेजी, गणित, विज्ञान र सामाजिक विषयबाट २/२ जना विद्यालयमा शिक्षण गर्ने शिक्षकहरु छनोट गरिएको छ । यसरी छनोट गरिएका रोस्टर शिक्षकहरुले नै अन्य शिक्षकहरुलाई तालिम दिने गर्दछन् । प्रा.वि., नि.मा.वि. र मा.वि. सम्पूर्ण तहमा यहि तरिकाबाट नै तालिम सञ्चालन गरिन्छ । तालिम सञ्चालन

प्रक्रियालाई हेर्दा टिपिडि तालिम सञ्चालन गर्ने कार्य आवश्यकताका आधारमा गर्ने गरीन्छ । शिक्षकहरुको आवश्यकताका आधारमा उनीहरुलाई आवश्यकता फारम भर्न लगाएर त्यसकै आधारमा जिल्ला शिक्षा कार्यालयले कोटा निर्धारण गरे बमोजिम तालिम सञ्चालन गर्ने गरिन्छ ।

संरचनात्मक हिसावले टिपिडि तालिममा तीनवटा मोड्युल हुने व्यवस्था छ । जसमा पहिलो मोड्युलमा पाँच दिने प्रशिक्षक सँगको आमने सामने कार्यशाला हुन्छ । दोस्रो स्वाध्ययन अभ्यास मोड्युल हो । यसमा पहिलो मोड्युल सम्पन्न गरेको २० देखि ३० दिनभित्र तीन कार्य दिन बराबारको क्रेडिट पाउने गरी आफ्नै विद्यालयमा तोकिएका कामहरु गर्नुपर्ने हुन्छ । अन्तिम एवम् तेस्रो मोड्युलमा प्रशिक्षकहरु सहभागी शिक्षकको विद्यालयमा नै गएर दुई दिनसम्म शिक्षकहरुसँग बसेर बैठक सञ्चालन गर्ने र शिक्षकले सम्पादन गरेका कामको मूल्याङ्कन गर्ने गर्दछन् । यसरी १० दिनको एउटा चरण पुरा हुन्छ । सामाजिक विषयमा तालिमको अवस्थालाई हेर्दा ओखरकोट स्रोत केन्द्र अन्तर्गत प्रा.वि. तहमा जम्मा सामाजिक शिक्षक संख्या ३२ छ भने तालिममा सहभागी शिक्षक संख्या २५ अर्थात् करिव ७८ प्रतिशत छ । जसमध्ये तालिम सम्पन्न गर्ने अर्थात् तृतिय चरणसम्म पुग्नेको संख्या केवल ७ जना अथवा करिव २२ प्रतिशत मात्र छ । अगुवा स्रोत केन्द्र अन्तर्गत नि.मा.वि. मा जम्मा सामाजिक शिक्षक संख्या ३४ र तालिममा सहभागी संख्या २४ अर्थात् ७१ प्रतिशत र तालिम सम्पन्न गर्ने संख्या १४ प्रतिशत मात्र छ । त्यसैगरी मा.वि.को जम्मा शिक्षक संख्या ५० र तालिममा सहभागी संख्या ३५ साथै तालिम सम्पन्न गर्ने संख्या ८ अर्थात् १६ प्रतिशत मात्र छ ।

यस अध्ययनबाट के कुरा प्रष्ट हुन्छ भने शिक्षकको पेशागत क्षमता विकास तालिम अत्यन्तै महत्वपूर्ण तालिम हो । मागमा आधारित तालिम भएकाले आफ्नो शिक्षणसँग सम्बन्धित जुनसुकै कुरा पनि मागका आधारमा सिक्न पाइन्छ । तापनि शिक्षकहरु माग प्रस्तुत गर्दा पनि शिक्षण विधि, सामग्री, तिरै बढी केन्द्रित भएको तर प्रणालीगत माग जस्तै : निरन्तर विद्यार्थी मूल्याङ्कन, स्थानीय पाठ्यक्रम निर्माण जस्ता कुरामा ध्यान नदिएको पाइयो । यसका लागि शिक्षकका कक्षा अवलोकन र मूल्याङ्कन जस्ता कुरामा प्रधानाध्यापक, रोस्टर शिक्षक, स्रोत व्यक्ति र विद्यालय व्यवस्थापन समितिले समेत विशेष चासो दिनुपर्ने देखिन्छ ।

# विषयसूची

| | पेज नं. |
|---|---|
| सिफारिस पत्र | i |
| स्विकृति पत्र | ii |
| कृतज्ञताज्ञापन | iii |
| शोधशार | iv |
| विषयसूची | vi |
| तालिका सुची | viii |
| **परिच्छेद एक : परिचय** | **१–६** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३ अध्ययनको उद्देश्य | ४ |
| १.४ अनुसन्धानात्मक प्रश्न | ४ |
| १.५ अध्ययनको औचित्य | ५ |
| १.६ अध्ययनको परिसिमाङ्कन | ५ |
| १.७ शब्दावलीको परिभाषा | ६ |
| **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन** | **७–१२** |
| २.१ सैद्धान्तिक साहित्यको समीक्षा | ७ |
| २.१.१ कानुनी व्यवस्था | ८ |
| २.१.२ शिक्षकको पेशागत विकास | ८ |
| २.१.३ शिक्षकको व्यवस्थापन र पेशागत विकासको विश्वव्यापी पहल | ९ |
| २.१.४ शिक्षकको पेशागत क्षमता विकास तालिमका विषयवस्तु | ९ |
| २.२ सम्बन्धित अध्ययनहरुको समीक्षा | १० |
| २.३ अध्ययनको अवधारणात्मक ढाँचा | १२ |
| **परिच्छेद तीन : अध्ययन विधि** | **१३–१७** |
| ३.१ अनुसन्धान ढाँचा | १३ |
| ३.२ जनसंख्या र नमुना छनोट प्रक्रिया | १३ |
| ३.२.१ अध्ययन क्षेत्रको छनोट | १४ |
| ३.२.२ विद्यार्थीको छनोट | १४ |
| ३.२.३ शिक्षकको छनोट | १४ |

३.२.४ प्रधानाध्यापकको छनोट १४
३.२.५ रोस्टर शिक्षकको छनोट १५
३.२.६ स्रोत व्यक्तिको छनोट १५
३.३ सुचना संकलनका साधनको निर्माण १५
३.३.१ अर्ध संरचित अन्तर्वार्ता निर्देशिका १५
३.३.२ विद्यार्थी प्रश्नावली १५
३.३.३ कक्षा अवलोकन फारम १६
३.३.४ दस्तावेज अध्ययन १६
३.३.५ फिल्ड नोट १६
३.४ साधनको वैधता निर्धारण १६
३.५ सूचना संकलन प्रक्रिया १६
३.६ सूचना विश्लेषण प्रक्रिया १७

**परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या १८–३४**
४.१ तालिमको आवश्यकताका बारेमा सरोकारवालाको धारणा १८
४.१.१ सामाजिक विषय शिक्षकको प्रतिक्रिया १८
४.१.२ प्रधानाध्यापकको प्रतिक्रिया १९
४.१.३ रोस्टर शिक्षकको प्रतिक्रिया २०
४.१.४ स्रोत व्यक्तिको प्रतिक्रिया २०
४.२ तालिम सञ्चालनको अवस्था २१
४.२.१ स्रोत केन्द्रमा तालिम व्यवस्थापनको अवस्था २१
४.२.२ तालिम सञ्चालन प्रक्रिया २२
४.२.३ शिक्षकको तालिमको मौजुदा अवस्था २२
४.३ तालिममा प्रदान गरिएका सीपहरु २४
४.४ तालिमबाट प्राप्त सीपहरु प्रयोगको अवस्था २५
४.४.१ शिक्षणका लागि तयारी २६
४.४.२ कक्षाकोठाको व्यवस्थापन २६
४.४.३ विषयवस्तुको प्रस्तुतीकरण २७
४.४.४ शैक्षिक सामग्रीको प्रयोग २७
४.४.५ शिक्षण विधिको प्रयोग २८
४.४.६ शिक्षकका शिक्षण क्रियाकलापहरु २९
४.४.७ विद्यार्थी मूल्याङ्कन ३२

४.४.८ निदानात्मक र उपचारात्मक शिक्षण ३३
४.५ टिपिडि तालिम कार्यान्वयनको अनुगमन र मूल्याङ्कन ३३

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु** **३५-३८**
५.१ मुख्य प्राप्तिहरु ३५
५.२ निष्कर्ष ३६
५.३ सुझावहरु ३७
५.३.१ विषय शिक्षकलाई सुझाव ३७
५.३.२ प्राधानाध्यापकलाई सुझाव ३८
५.३.३ रोस्टर शिक्षकलाई सुझाव ३८
५.३.४ स्रोत व्यक्तिलाई सुझाव ३८

**सन्दर्भसामग्री** **३९-४०**

**अनुसूचीहरु** **४१-५०**
अनुसूची १ : छनोटमा परेका विद्यार्थीको नामावली ४१
अनुसूची २ : विषय शिक्षकका लागि अर्ध-संरचित अन्तरवार्ता निर्देशिका ४२
अनुसूची ३ : प्रधानाध्यापकका लागि अर्ध-संरचित अन्तरवार्ता निर्देशिका ४३
अनुसूची ४ : स्रोत व्यक्तिका लागि अर्ध-संरचित अन्तरवार्ता निर्देशिका ४४
अनुसूची ५ : रोस्टर शिक्षकका लागि अर्ध-संरचित अन्तरवार्ता निर्देशिका ४५
अनुसूची ६ : विद्यार्थीका लागि प्रश्नावली ४६
अनुसूची ७ : कक्षा अवलोधन फारम ४८